# चौतारा साँगाचोकगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौतारा, सिन्धुपाल्चोक
## ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

### आन्तरिक आय तर्फको शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०३/२५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (१) र घ(२) मा भएको व्यवस्था, प्रदेश आर्थिक ऐन, २०७५ को दफा ५(१), (२) र (३) समेतमा भएको व्यवस्था, नगरपालिकाको विज्ञापन कर निर्देशिका, २०७५ र आन्तरिक आय संकलन कार्यविधी २०७५, तथा नगर कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकमा राजस्व असुली सम्बन्धी काम आ.व. २०७५/७६ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक व्यक्ति/फर्महरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

#### ठेक्का विवरण

| आय ठेक्का नं. | ठेक्काको विवरण | करको दर प्रति वर्गफिट/प्रति एकाई रु. | कर संकलन समयावधी | कूल न्यूनतम अंङ्क (कर तथा भ्याट बाहेक) | दरभाउपत्र दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|
| ६/२०७५/७६ | चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्र होर्डिङ्बोर्ड, साइन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, विद्युत तथा सोलार वत्तीको खम्बामा प्रयोग गरिएको प्रचार सामाग्री लेख्ने वा प्रचारको लागि प्रयोग गरिएको विद्युतीय तरंग आदिको विज्ञापन शुल्क वापतको आय संकलन | परिचय पाटी/साइन वोर्ड रु १००।- होर्डिङ वोर्ड रु १००।- नियोन साइन वोर्ड रु १००।- ग्लोसाइन(विद्युतीय)वोर्ड रु २००।- चलचित्र वोर्ड रु ३००।- त्रिभिजन वोर्ड रु २००।- स्कोरल भिजन वोर्ड रु २००।- डव्यानर/फिल्मी पोष्टर रु १२००।- आकाशे वेलुन रु १००।- व्यवसायीक भवन प्रवेशद्वार विज्ञापन गेट रु १०००।- गाडीमा बोकी विज्ञापन रु १००।- स्टल रु १०००।- व्याग प्याग रु १००।- वाकिंग वेलुन रु १००।- पोल व्यानर रु १००।- जात्रामेला खेलकुद विज्ञापन रु १००।- सटर पेन्टिङ रु २०।- डि.पि.एस वोर्ड रु ५०।- लाईट वोर्ड रु ८०।- डिजिटल होर्डिङ वोर्ड रु १००।- का दरले विज्ञापन शुल्क वापतको रकम असुल गर्ने। | वार्षिक रुपमा | ५,००,०००।- (पाँच लाख) | १०००।- (एक हजार) | कूल कबोल अङ्कको ५% |
| ७/२०७५/७६ | चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभन्दा बाहिर जडीबुटी, कवाडी र जिवजन्तु निकासी गर्दा उठाउने कर वापतको आय संकलन | भैसी निकासी कर रु ५०० (प्रति गोटा) खसि बोका र बाखा निकासी कर रु ५० (प्रति गोटा) लप्सी निकासी कर रु २५ (प्रति बोरा) का दरले जडीबुटी, कवाडी र जिवजन्तु निकासी कर वापतको रकम असुल गर्ने। | निकासीको आधारमा प्रति एकाई | ५,००,०००।- (पाँच लाख) | १०००।- (एक हजार) | |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

१. माथि उल्लेखित ठेक्काहरुको दरभाउपत्रभर्दा कबोल रकम अंङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ। अंङ्क र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिईनेछ। साथै उक्त आय ठेक्कामा बढी अंङ्क कबोल गर्ने कबोलकर्ताको दरभाउपत्र स्वकित गरिनेछ।

२. ठेक्का अवधि यस चौ.सा.गढी न.पा.सँग सम्झौता भएको मितिदेखि २०७६ साल आषाढ मसान्त सम्म रहनेछ। कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्वन्धी कुनै माग वा कुनै पनि किसिमको क्षति पूर्ति दावी गर्न पाईने छैन।

३. माथि उल्लेखित ठेक्काको कबोल अंङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने व्यक्ति/फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ।

४. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको ने.बै.लि. चौतारा स्थित बैक धरौटी खाता नं. ०५७०३००००००००००००३८७ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको वाणिज्य वैंकको जमानत (विड बण्डको सक्कल प्रति) दरभाउपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ। धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइनेछैन। दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको ने.बैं.लि., चौतारा शाखामा रहेको मूल खाता नं. ०५७०३०००००००४००१००३ मा दाखिला गर्नुपर्नेछ।

६. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. दरभाउपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन। साथै रित नपुगी आएको बोलपत्रउपर कुनै कारवाही हुनेछैन।

८. ठेक्कामा कुनै विवाद भएमा चौतारा सांगाचोक गढी नगरपालिकाको निर्णय अन्तिम हुनेछ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको १५ औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गरि १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। साथै उल्लेखित सूचना चौतारा सांगाचोक गढी नगरपालिकाको वेभ साइट chautarasangachowkgadhimun.gov.np वा www.chautaramun.gov.np मा राखिएको छ। प्राप्त दरभाउपत्रहरु सोही दिन दिनको १:०० वजे चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा खोलिनेछ।

१०. दरभाउपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ।

१२. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका दरभाउपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन।

१३. अन्य कुराहरु यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको सूचना तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ।

**आय ठेक्का सम्बन्धी अन्य शर्तहरु**

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अंङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका चौतारा साँगाचोकगढी नगरपालिका कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जि दिइनेछ।

२. आय रकमको भुक्तानी तालिक देहाय अनुसार हुनेछ।

| किस्ता | किस्ता बुझाउँनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंङ्को २५ प्रतिशतले हुन आउँने रकम। |
| दोश्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अंङ्को ४० प्रतिशतले हुन आउँने रकम |
| तेश्रो | २०७६ जेठ मसान्तसम्म | कबोल अंङ्को बाँकी ३५ प्रतिशत रकम |

३. ठेक्का कबोल गर्ने ठेकेदारले चौतारा सांगाचोकगढी न.पा.ले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छपाई उक्त रसिद यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदबाट आम्दानी गरिएको रकम आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्न गरी खाता र रसिद अर्ध-वार्षिक रुपमा यस न.पा. मा बुझाउँनुपर्नेछ।

५. ठेकेदारले कर शुल्क उठाउने सम्वन्धित केन्द्रमा दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी राखिएको हुनुपर्नेछ।

६. ठेक्कामा कुनै विवाद भएमा नगरपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ।

७. न.पा.लाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचिमा परेको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन ।

८. प्रत्येक ठेक्काको छुट्टाछुट्टै खाममा दरभाउपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ।

९. जमानी वापत दरभाउपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

१०. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ। सोमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन।

११. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षवाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१२. प्रमुख प्रशासकीय अधिकृत वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ।

१३. यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएपनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

१४. दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर , मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ।

१५. दरभाउपत्र फारमको नियमानुसारको राजस्व रकम तिरी चौतारा सांगाचोकगढी नगर कार्यपालिकाको कार्यालय, चौतारा सिन्धुपाल्चोकबाट लिन सकिनेछ।

१६. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ।

१७. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत